# असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड ,२०७६

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहवाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदकाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषण गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) “असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग” भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) “असहाय” भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा वृद्धाश्रममा वस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) “राहत” भन्नाले नेपाल सरकारवाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ) “स्थानीय तह” भन्नाले महानगरपालिक, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिका सम्झनुपर्छ ।

**३. अभिलेख राख्नु पर्ने :** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यलयले अभिलेख तयार गर्नुपर्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा समेत पठाउनुपर्नेछ ।

(क) पसलवाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने वाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, टिपर, भ्यान वाट समान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी का मगर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार बाहेकका व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, वालुवा चाल्ने तथा ईंटा भट्टामा काम गर्ने मजदुर ,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गें डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अनय व्यक्तिको पसलमा का मगर्ने मजदुर,

(झ) देहायका यातायत मजदुर :

१. अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक, सहचालक,
२. दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,
३. रिक्सा तथा ठेलागाडा चालक,
४. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा कामगर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा का मगर्ने मजदुर ।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीका काम गर्ने अन्य व्यक्ति ।

**३.१ लाभग्राहीहरुको वर्गीकरणः**

गाउँपालिकाद्वारा वितरण हुने राहत प्राप्त गर्ने लाभग्राहीहरुलाई तपसिल बमोजिम वर्गीकरण गरिनेछ।

तपसिलः

- **क वर्गमा पर्ने लाभग्राहीहरुः**

  यस वर्ग अन्तरग दफा ३ मा उल्लेखित व्यक्तिहरु पर्दछन ।

- **ख वर्गमा पर्ने लाभग्राहीहरुः**

  आफ्नै उत्पादनले ३ महिना भन्दा कम समय खाना पुग्ने गाउँपालिका भित्रका अति विपन्न कृषकहरु ।

  **ग वर्गमा पर्ने लाभग्राहीहरुः**

  गाउँपालिकाभित्र सञ्चालित विभिन्न योजना तथा परियोजनामा काम गर्न गाउँपालिका भन्दा बाहिरबाट आएका मजदुरहरु जो लकडाउनका कारण काम गर्न नसकेका र आफ्नो घरमा समेत फर्कन नपाई समस्यामा परेका श्रमिक तथा मजदुरहरु र गाउँपालिका भित्र १ जना मात्र परिवारसंख्या भएका घरपरिवारहरु।

**४. राहत वितरण गर्नु पर्ने** : दफा ३ र ३.१ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिकको ढाँचामा विरवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

**५. राहत सामाग्री :** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहयाहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिने छ ।

- **क वर्ग अन्तरगत पर्ने व्यक्तिहरुको परिवारका लागि राहतः**

| **क.सं** | **राहत सामाग्री** | **परिमाण( प्रति परिवार)** | **कैफियत** |
|---|---|---|---|
| १. | क. चामल | | |
| | परिवार संख्या ५ जना सम्म | २५ किलो | |
| | परिवार संख्या ६-१० सम्म | ४० किलो | |
| | परिवार संख्या १० भन्दा बढी | ५० किलो | |
| २. | दाल | २ किलो | |
| ३. | खाने तेल | १ लिटर | |
| ४. | नुन | २ पाकेट | |
| ५. | साबुन | २ पिस | |

- **ख वर्ग अन्तरगत पर्ने व्यक्तिहरुको परिवारका लागि राहतः**

| **क.सं** | **राहत सामाग्री** | **परिमाण (प्रति परिवार)** | **कैफियत** |
|---|---|---|---|
| १. | चामल | १२.५ किलो | |
| २. | दाल | १ किलो | |
| ३. | खाने तेल | १\२ लिटर | |
| ४. | नुन | १ पाकेट | |
| ५. | साबुन | १ पिस | |

- **ग वर्ग अन्तरगत पर्ने व्यक्तिहरुको लागि राहतः**

| **क.सं** | **राहत सामाग्री** | **परिमाण (प्रति व्यक्ति)** | **कैफियत** |
|---|---|---|---|
| १. | चामल | ५ किलो | |
| २. | दाल | १ किलो | |
| ३. | खाने तेल | १\२ लिटर | |
| ४. | नुन | १ पाकेट | |
| ५. | साबुन | १ पिस | |

(३) यस मापदण्डमा अनयत्र जुनसुकैकुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनससकै कुरा लेखिएको भएतापनि एकै परिवारको एकभन्दा वढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

**६. वितरण गर्ने विधि :** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

(क) राहत वितरणको लागि तपसिल बमोजिमको खरिद समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

तपसिलः

- वडाध्यक्षहरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेका २ जना -सदस्य
- गाउँपालिकाका कर्मचारीहरु मध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना -सदस्य सचिव

(ग) खरिद विधिः दफा ६ को उफादफा १ क बमोजिमको समितिले गाउँ कार्यपालिका सदस्य, उद्योग वाणिज्य संघको प्रतिनिधि तथा आवश्यकतानुसार व्यापारीहरुको रोहवर र समन्वयमा विभिन्न सप्लायर्सहरुसँग प्रचलित बजार मूल्य बुझी तुलनात्मक रुपमा सबैभन्दा सुपथ मूल्यमा सामन उपलब्ध गराउने सप्लायर्सबाट राहत सामाग्रीहरु खरिद गर्नुपर्नेछ ।

**७. राहत वितरणको अभिलेख र प्रतिवेदन :** (१) सम्बन्धित वडाले वितरणको अनुसूची -२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ वमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

**८. कारवाही सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएको व्यक्तिले भुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफासि गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजवाट असुल गर्नु पर्नेछ ।

अनुसुची १

(दफा ३ संग सम्बन्धित)

अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थरः २.बाबुको नामः ३.बाजेको नामः

४. स्थायी ठेगाना : ५.हालको ठेगाना :

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा) :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः ८.गर्ने कामको विवरणः

९.पेश गरेको कागजातको विवरण : (कम्तीमा कुनै एक कागजात संलग्न हुनुपर्ने)

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा,
ख.गरिब घर परिबार परिचयपत्रको प्रतिलिपी वा
ग.सवारी चालक अनुमतिपत्रको प्रतिलिपी वा
घ.अन्य

१०.राहत लिने व्यक्तिको स्वःघोषणा :

म र मेरो परिबारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक : औठाको छाप

दस्तखत : दायाँ बायाँ

मिति :

सिफारिश गर्ने पदाधिकारी :

दस्तखत :

नामः पद : स्थानीय तहको नाम :

मितिः वडा नं.

नेपाल गाउँपालिका

अनुसुची २
(दफा ७ को उपदफा १ संग सम्बन्धित)
अभिलेखको ढाँचा
पैयूँ गाउँपालिका
वडा नं. .......     कार्यालय

राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखत :

नाम थर :

टेलिफोन नं. :

पैयूँ गाउँपालिका

अनुसुची ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

............................पालिका

प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको :

दस्तखत :

नाम थर :

टेलिफोन :

पैयूं गाउँपालिका